मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal

## पशुपालन प्रबर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मितिः- २०८१/०१/२७)**

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट चालु आ.व. ०८०/८१ को लागि यस नगरपालिकामा पशुपालन प्रबर्द्धन कार्यक्रम सञ्चालनका लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत लागत साझेदारीमा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक यस नगरपालिका कार्यालयमा सुचिकृत भएका व्यावसायिक कृषि तथा पशुपन्छी फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन अर्थात (२०८१/०२/१७ गते सम्म) कार्यालय समय भित्र यस कार्यालयको पशुपन्छी विकास शाखामा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नु हुन सम्वन्धित सबैमा जानकारी गराइन्छ। साथै थप जानकारीको लागि यस कार्यालयको पशुपन्छी विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**तपशिल**

| क.स. | कार्यक्रम | इकाई | परिमाण | विनियोजित बजेट रु. | आवेदक | कार्यबिधि |
|---|---|---|---|---|---|---|
| १ | पशुपालन प्रबर्द्धन कार्यक्रम। | पटक | १ | १००००००/- (दशलाख) | व्यावसायिक कृषि तथा पशुपन्छी फर्म | स्थानिय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यन्वयन कार्यबिधि २०८० |

**आवश्यक कागजात तथा शर्तहरुः**

१. सम्बन्धित कार्यबिधि बमोजिमको प्रस्ताव र प्रतिबद्धता पत्र।

२.नगरपालिका कार्यालयमा सुचिकृत तथा नविकरण भएको कृषि तथा पशुपन्छी फर्महरुको प्रमाणपत्रको प्रतिलिपि।

३.कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।

४. स्थायी लेखा नं (PAN) प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।

५. कार्यक्रममा सहभागी हुन इच्छुक कृषि तथा पशुपालन फर्ममा न्युनतम ५ वटा माउ पशुपालन गरेको हुनु पर्नेछ।

६. यस अघि कुनैपनि निकायबाट कुनै किसिमको अनुदान प्राप्त नगरेको कृषि तथा पशुपालन फर्महरुले मात्र कार्यक्रममा सहभागिताका लागि आवेदन दिन सक्नेछन्। र सोको स्वघोषणा आफैले समेत गर्नु पर्नेछ।

७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

ध्रुव प्रसाद पराजुली
अधिकृत छैठौं प्राविधिक

फोन नं.: ०११-४१२११४
Web Site: mandandeupurmun.gov.np, E-mail: mandandeupurmu@gmail.com